# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## २०८२ माघदेखि- चैत्रसम्म सम्पादित क्रियाकलापको विवरण




गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

# पोखरा

२०८३/०१/०७

## विषयसूची


१. मन्त्रालयको स्वरुप र प्रकृति ....................................................... १

२. मन्त्रालयको काम, कर्तव्य र अधिकार.................................................. २

३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण....................................... ३

४. मन्त्रालयबाट प्रदान गरिने सेवा........................................................ ४

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी.................................... ५

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः .................................................. ६

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ...................................................... ६

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी...................................................... ६

९. आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन भएका कामको विवरण ................................ ७

१०. आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कामको विवरण.................................. ८

११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ........................................ ८

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची................................................ ८

१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण.............................९

१३.१ प्रदेशको स्रोतको अवस्था.............................................................९

१३.२ बार्षिक बजेट र खर्च विवरण.......................................................... १३

१४. तोकिए बमोजिमका अन्य विवरण...................................................... १४

१५. सार्वजनिक निकायको वेभसाइट........................................................१४

१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली..................................१४

१७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन..............................................१५

१८. मन्त्रालयले गरेको प्रकाशनको विवरण.................................................. १५

## १. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति,वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कार्यान्वयन कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान र ऋणको विनियोजनलाई समुचित संयोजन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्यजिम्मेबारी रही आएको छ। साविकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको व्यवस्था रही आएकोमा प्रदेश नीति तथा योजना आयोगको स्थापनासगै प्रदेश मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णय बमोजिम मन्त्रालयको नाम परिवर्तन भई अर्थ मन्त्रालय रहेको र मिति २०७९/०९/२७ को निर्णयानुसार आर्थिक मामिला मन्त्रालय भएको हो ।आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय ब्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तरसरकारी वित्त हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ।

**क) दृष्टिकोणः**

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण ।

**ख) लक्ष्य :**

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

ग) **उद्देश्य**:

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि गर्नु ।

**घ) रणनीतिः**

१. राजस्वका स्रोतहरूको पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने

२. आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुर्याउने

३. लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै रोजगारीका अवसर सिर्जना गर्ने

४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय कायम गर्ने एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,

५.आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण उपयोग गर्ने।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ (संशोधन सहित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी देहायानुसार रहेका छन्ः

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
२. प्रदेशस्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर,
६. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
७. संघीय नीति अनुरूप सहवित्तीयकरण,
८. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
९. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१०. प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
११. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१२. प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा
१३. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१४. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चानलन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१५. घरजग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर,मनोरञ्जन कर,विज्ञापन कर,पर्यटन शुल्क,कृषि आयमा कर, सेवाशुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन,नियमन,
१६. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१७. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
१८. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
१९. बीमा र बीमा व्यवसायको सञ्चामलन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२०. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चाणलन, व्यवस्थापन,सुधार र नियमन,

२१. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति,मापदण्ड र सो सम्बन्धी अन्य कार्य।

२२. दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१.मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल /प्रदेश प्रशासन | | रा.प.प्रथम /एघारौं | १ | १ | ० | |
| २ | अतिरिक्त प्रदेश सचिव | प्रदेश प्रशासन | प्र. प्र. | एघारौं | १ | ० | १ | |
| ३ | उप-सचिव | प्रदेश प्रशासन | प्र.प्र. | नवौं/दशौं | १ | १ | ० | |
| ४ | उप-सचिव | प्रदेश प्रशासन | प्र.रा | नवौं/दशौं | २ | ० | २ | |
| ५ | प्रशासकीय अधिकृत/ब. प्रशासकीय अधिकृत | प्रदेश प्रशासन | स.प्र. | सातौं/आठौं | ६ | ४ | २ | |
| ६ | राजस्व अधिकृत/ब. राजस्व अधिकृत | प्रदेश प्रशासन | प्र.रा | सातौं/आठौं | ३ | २ | १ | |
| ७ | लेखा अधिकृत | प्रदेश प्रशासन | लेखा | सातौं/आठौं | १ | ० | १ | सहायक लेखा अधिकृत कामकाजमा |
| ८ | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | १ | १ | ० | |
| ९ | तथ्याङ्क अधिकृत | प्र.आ.यो.तथा .त. | | सातौं/आठौं | १ | १ | ० | |
| १० | कम्प्यूटर इन्जिनियर | प्रदेश विविध | | सातौं/आठौं | १ | ० | १ | |
| ११ | अर्थशास्त्री | प्रदेश विविध | | सातौं/आठौं | १ | ० | १ | |
| १२ | सहायक/स. प्र.अधिकृत | प्रदेश प्रशासन | प्र.प्र. | पाँचौं /छैटौं | ३ | ४ | ० | प्रदेश सरकार मन्त्रिपरिषदको २०८२।५।१५ को निर्णयानुसार फाजिलमा १ जना |
| १३ | सहायक/स. रा. अधिकृत | प्रदेश प्रशासन | प्र.रा | पाँचौं/छैटौं | ३ | १ | २ | |
| १४ | स.कम्प्यूटर अधिकृत/अपरेटर | नेपाल/प्रदेश विविध | | पाँचौं /छैटौं | २ | ० | २ | |
| १५ | ह.स.चा. | प्रदेश प्रशासन | | तह २ | ५ | ४ | १ | |
| १६ | का.स | प्रदेश प्रशासन | | तह १ | ५ | ५ | ० | |
| **जम्मा** | | | | | ३७ | २४ | १४ | एकजना सहायक/स. प्र.अधिकृत दरबन्दी भन्दा बढी भएको |

### ३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपालप्रशासन | लेखा | नवौं/दशौं | १ | १ | ० | संघबाट काजमा |
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | ४ | ० | |
| ३ | लेखापाल | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ४ | ० | |
| ४ | कम्प्युटर अपरेटर / अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | १ | १ | ० | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौंथो | ४ | ४ | ० | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | २ | ० | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | ० | |
| | | | | **जम्मा** | २० | २० | | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत १० वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। लेखा ईकाईको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको जिल्ला (कास्की)मा प्रदेश लेखा नियन्त्रक कार्यालयले र अन्य जिल्लाको हकमा लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ ।

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मन्त्रालयमा निम्न महाशाखा र शाखाहरु रहेक छन् र यी शाखाहरुबाट प्रदान गरिने सेवा देहाय अनुसार रहेका छन् ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | • प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन<br>• राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग<br>• प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | **प्रशासन तथा अनुगमन** | • सामान्य प्रशासन |

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| | मुल्याङ्कन महाशाखा | • मन्त्रालयको आर्थिक प्रशासन<br>• प्रादेशिक योजना तथा अनुगमन<br>• मातहतका कार्यालयको अनुगमन मुल्यांकन गर्ने,<br>• प्रदेशका महत्वपुर्ण आयोजनाको अनुगमन र मुल्यांकन गर्ने |
| ३. | वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा | • प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,<br>• प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन<br>• राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन<br>• प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन  कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापनकर, पर्यटन शुल्क,कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन,बाँडफाँट र उपयोग सम्बन्धी नीति,कानून तर्जुमा, कार्यान्वयन, नियमन,<br>• आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।<br>• प्रदेशको तथ्याङ्क,सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति,कानून, मापदण्ड एव योँजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं. | महाशाखा /शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| १. | **प्रशासन, बजेट तथा योजना अनुगमन मूल्याङ्कोन महाशाखा** | डिल्लीराम रिज्याल | उपसचिव (दशौं) |
| क. | प्रशासन तथा बजेट शाखा | सृजना खनाल | बरिष्ठ प्रशासकीय अधिकृत (आठौं) |
| | | चोलाकान्त वाग्ले | बरिष्ठ प्रशासकीय अधिकृत (आठौं) |
| | | अनुप पौडेल | तथ्यांक अधिकृत (सातौं) |

| | | | |
|---|---|---|---|
| | | कल्पना शर्मा | प्रशासकीय अधिकृत (सातौं) |
| | | तारानाथ सुवेदी | प्रशासकीय अधिकृत (सातौं) |
| | | रामचन्द्र पौडेल | सहायक प्रशासकीय अधिकृत (छैटौं) |
| | | तुलसी पौडेल | सहायक प्रशासकीय अधिकृत (छैटौं) |
| | | सरस्वती सुवेदी | सहायक प्रशासकीय अधिकृत (छैटौं) |
| ख | कानुन तथा फैसला कार्यान्वयन शाखा | तेजेन्द्र प्रसाद ढकाल | कानुन अधिकृत |
| ग | सूचना प्रविधि शाखा | अनुप पौडेल | तथ्याङ्के अधिकृत (सातौ) |
| घ | आर्थिक प्रशासन शाखा | रमेश बस्नेत | सहायक लेखा अधिकृत (छैटौं) |
| २. | **राजस्व व्यवस्थापन महाशाखा** | डिल्लीराम रिज्याल | उपसचिव (दशौं) |
| क | राजस्व व्यवस्थापन शाखा | कल्पना देवी सापकोटा | बरिष्ठ राजस्व अधिकृत (आठौं) |
| | | गायत्री अधिकारी लामिछाने | सहायक प्रशासकीय अधिकृत (छैटौं) |
| ख | करदाता समन्वय तथा अनुगमन शाखा | कल्पना देवी सापकोटा | बरिष्ठ राजस्व अधिकृत (आठौं) |
| | | चुडा खत्री | राजस्व सहायक (पाँचौ) |
| ३ | **वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशहाखा** | **डिल्लीराम रिज्याल** | **उपसचिव (दशौं)** |
| क | अन्तर सरकारी वित्त हस्तान्तरण शाखा | बसन्तराज ढकाल | राजस्व अधिकृत (सातौ) |
| ख | आर्थिक तथा वित्तीय विश्लेषण शाखा | अनुप पौडेल | तथ्याङ्के अधिकृत (सातौ) |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा नि:शुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिवबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश सचिव डा.टोकराज पाण्डे

## ९.आर्थिक वर्ष२०८१/०८२ मा सम्पादन भएका कामको विवरण

क) विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८१ सम्प्रेषण गरिएको

ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन गरिएको

ग) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को एकिकृत वित्तीय विवरण तय गरिएको

घ) आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको बजेट तथा कार्यक्रमको वार्षिक मुल्यांकन कार्यक्रम अन्तर्गत वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको

ङ) कानून, कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण तथा संशोधन कार्यक्रम अन्तरगत बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०८१ प्रकाशन गरिएको ।

च) अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान र समपुरक सशर्त र विशेष अनुदानको अन्तिम किस्ताको रकम निकासा भएको ।

छ) विषयगत मन्त्रालयका सचिव र महाशाखा प्रमुख बिच बजेट कार्यान्वयनको अवस्था, चुनौती, समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको ।

ज) आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व संकलन कार्यको अवस्था सम्बन्धी राजस्व संकलन गर्ने जिल्लास्थित कार्यालयहरु(मालपोत कार्यालय, यातायात, वन, पर्यटन कार्यालय, कृषिज्ञान केन्द्र, भेटेरिनरी तथा पशु सेवाविज्ञ केन्द्र) सँग अन्तरक्रिया सम्पन्न भएको ।

झ) अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धीआयोजना, राजश्व संकलन गर्ने कार्यालय र प्रदेशका मुस्ताङ,लम्जुङ्ग,तनहुँ, गोरखा, बाग्लुङ्ग, पर्वत र स्याङ्गजा जिल्लाका आयोजनाहरुको अनुगमन गरिएको।

ञ) सामयिक कर असुल सम्बन्धी ऐन तर्जुमा भएको।

ट) मालपोत/भूमिसुधार र नापी कार्यालयको सेवाप्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्वन्धी मापदण्ड,२०८१ निर्माण गरिएको।

ठ) गण्डकी प्रदेशको प्रथम सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ( Public Expenditure and Financiai Accountability पेफा) Assessment मुल्यांकन प्रतिवेदन सार्वजनिकीकरण र विमोचन भएको ।

ड) राजस्व परामर्श समिति र उपसमिति गठन छलफल र प्रतिवेदन पेश गरिएको

ढ) आर्थिक वर्ष २०८२/८३ को बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा एवम् प्रकाशन

ण) गण्डकी प्रदेशको आर्थिक वर्ष २०८१/८२ को आथिक सर्वेक्षण प्रकाशन

त) आर्थिक वर्ष २०८२/८३ को बजेट बक्तव्य, २०८२/८३ को आय व्यय अनुमान, २०८२/८३ को बार्षिक विकास कार्यक्रम आर्थिक ऐन, २०८२ र विनियोजन ऐन , २०८२ तर्जुमा र प्रकाशन

## १०. आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कामको विवरण

क) विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२ सम्प्रेषण गरिएको

ख) मन्त्रालय र मातहतका निकायको बार्षिक कार्यक्रम कार्ययोजना तयारी

ग) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन गरिएको

घ) आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको बजेट तथा कार्यक्रमको वार्षिक मुल्यांकन कार्यक्रम अन्तर्गत वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको

ङ) अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहलाई वित्तीय समानीकरण अनुदानको पचास प्रतिशत र  समपुरक, सशर्त र विशेष अनुदानको पहिलो किस्ताको रकम निकासा भएको ।

च) जेन्जी आन्दोलनमा भएको क्षतिको विवरण तयार र अभिलेखीकरण

छ) राजस्व सङ्कोलन गर्ने कार्यालयसँग अन्तरक्रिया कार्यक्रम सञ्चालिन

ज) बहुवर्षीय आयोजनाको अभिलेखीकरण

झ) स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारीका लागि प्रस्ताव आव्हान र संकलन

ञ) स्थानीय तहका पदाधिकारी र कर्मचारीसँग वित्ती संघीयता र अन्तर सम्बन्ध एवम् समन्वय विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

ट) आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अनुमानित वित्तीय समानीकरण अनुदान र सवारी साधन कर बाँडफाँटको सीमा प्रेषण गरिएको

## ११.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय  प्रमुखः, डा. टोकराज पाण्डे, प्रदेश सचिव
सूचना अधिकारी : कल्पना देवी सापकोटा, बरिष्ठ राजस्व अधिकृत (आठौं )

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५

ख) प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

ग) प्रदेश आकस्मिक कोष ऐन, २०७५

घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

ङ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९

च) विनियोजन ऐन, २०८२

छ) आर्थिक ऐन, २०८२

ज) सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६

झ) कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका, २०७५

ञ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१

ट) खर्चको मापदण्ड, २०७९

ठ) बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८१

ड) स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### १३.१ प्रदेशको स्रोतको अवस्था

**क) समग्र प्रदेशको स्रोतगत प्राप्ति**

| क.स | शिर्षक | वार्षिक लक्ष्य | प्राप्ती रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|---|
| (क) | **आन्तरिक आम्दानी** | **५७३४३८८** | **२७८१८३८** | **४८.५१** |
| (ख) | **सघं सरकारबाट प्राप्त अनुदान** | **१२२३३६००** | **७६२९२१५** | **६२.३६** |
| १ | समानीकरण अनुदान | ७७३८९०० | ५४५०५०७ | ७०.४३ |
| २ | शसर्त अनुदान चालु | १९१११५० | ११०८५२६ | ५८.०० |
| ३ | विशेष अनुदान चालु | १३४००० | ८५४७० | ६३.७८ |
| ४ | समपुरक अनुदान चालु | ० | २१११०१ | ३३.०० |
| ५ | सशर्त अनुदान पूँजीगत | १४४५२५० | ६९४५४२.७ | ४८.०६ |
| ६ | विशेष अनुदान पूँजीगत | ३६४६०० | ७९०६८ | २१.६९ |
| ७ | समपुरक अनुदान पूँजीगत | ६३९७०० | ० | |

| | | | | |
|---|---|---|---|---|
| (ग) | **सघं सरकारबाट प्राप्त रोयल्टी** | **२२३९७७** | **४४७४१७** | **१९९** |
| १ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ५८४०० | ५४०५३.२२ | ९२.५६ |
| २ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २५०० | ४०१९.९७ | १६०.८० |
| | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०० | ० | |
| ३ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १४२४५० | ३६७९७३.२ | २५८.३२ |
| ४ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २०५२७ | २१३७१.१८ | १०४.११ |
| ५ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | २९.७१४ | |
| (घ) | **संघ सरकारबाट प्राप्त राजस्व** | **९७९२९४०** | **६४६७४२३** | **६६** |
| १ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७७८९८०० | ४७८५२५३ | ६१.४३ |
| २ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | २००३१४० | १६८२१७० | ८३.९८ |
| (ङ) | **आन्तरिक ऋण** | **१७५००००** | **०** | |
| (च) | **गत वर्षको नगद मौज्दात** | **२२४५०९४** | **७१२९१८** | **३१.७५** |
| (छ) | **स्थानीय तहलाई बाँडफाँट** | **९२००००** | | |
| | **जम्मा** | **३२८९९९९** | | |
| | **जम्मा प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने रकम** | **३१९७९९९** | | |

**ख) राजस्व परिचालनको अवस्था**

| क्र.स | शिर्षक | वार्षिक लक्ष्य | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | १११९४-कृषि आयमा लाग्ने कर | २०० | ३ | - |
| २ | ११३१५-बाँडफाँट बाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | १२५०००० | ४६९४७१.५ | ३७.५६ |
| ३ | ११४११-बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७७८९८०० | ४७८५२५३ | ६१.४३ |
| ४ | ११४२१-बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | २००३१४० | १६८२१७० | ८३.९८ |
| ५ | ११४५२ वस्तु उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने कर | ० | ०.२ | |
| ६ | ११४७१-बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ५००० | २३.८८७ | ०.४८ |
| ७ | ११४७२-बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | २२७८ | ८५५.९ | ३७.५७ |
| ८ | ११४७९- अन्य मनोरन्जन कर | २०० | ० | ० |
| ९ | १३३११-समानीकरण अनुदान | ७७३८९०० | ५४५०५०७ | ७०.४३ |
| १० | १३३१२-शसर्त अनुदान चालु | १९१११५० | ११०८५२६ | ५८.०० |
| ११ | १३३१३-विशेष अनुदान चालु | १३४००० | ८५४७० | ६३.७८ |
| १२ | १३३१४-समपुरक अनुदान चालु | ० | २१११०१ | ३३.०० |
| १३ | १३३२१-सशर्त अनुदान पूँजीगत | १४४५२५० | ६९४५४२.७ | ४८.०६ |
| १४ | १३३२२-विशेष अनुदान पूँजीगत | ३६४६०० | ७९०६८ | २१.६९ |
| १५ | १३३२३-समपुरक अनुदान पूँजीगत | ६३९७०० | ० | |
| १६ | १४१५१-सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | १५००० | ७४.२ | ०.४९ |
| १७ | १४१५३-बाँडफाँट भई प्राप्त वन रोयल्टी | ५८४०० | ५४०५३.२२ | ९२.५६ |
| १८ | १४१५४-बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २५०० | ४०१९.९७ | १६०.८० |
| १९ | १४१५५- बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०० | ० | |
| २० | १४१५६-बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १४२४५० | ३६७९७३.२ | २५८.३२ |

| | | | | |
|---|---|---|---|---|
| २१ | १४१५७-बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २७५००० | ३५५५५.४१ | १२.९३ |
| २२ | १४१५८-बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २०५२७ | २१३७१.१८ | १०४.११ |
| २३ | १४१५९- अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | ० | २९.७१४ | |
| २४ | १४१९१-पर्यटन शुल्क | ५१५० | १०१९.९३ | १९.८० |
| २५ | १४१९२-पदयात्रा शुल्क | ८०० | ३९३.४ | ४९.१८ |
| २६ | १४२११-कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | २००० | १२८२.६१ | ६४.१३ |
| २७ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १७५० | १६२१.०७३ | ९२.६३ |
| २८ | १४२१३-अन्य विक्रीबाट प्राप्त रकम | ४५० | २१.७ | ४.८२ |
| २९ | १४२१७- नहर तथा कुलो उपयोग वापतको शुल्क | १०० | ० | ० |
| ३० | १४२१८- बिद्युत सेवा शुल्क | १० | २६ | २६०.०० |
| ३१ | १४२१९-अन्य सेवा शुल्क तथा विक्री | १०० | ० | ० |
| ३२ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | १८५० | ११२३.८९५ | ६०.७५ |
| ३३ | १४२२४-परीक्षा शुल्क | १५०००० | ८७१७१.०६ | ५८.११ |
| ३४ | १४२२५-यातायात क्षेत्रको आम्दानी | ११५००० | ५७४६७.९९ | ४९.९७ |
| ३५ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ४५०००० | ३६७५६९.९ | ८१.६८ |
| ३६ | १४२५३-व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९५०००० | ३८४१२.१५ | ४.०४ |
| ३७ | १४२५४ -रेडियो/एफ.एम संचालन दस्तुर | ० | ५८.६३४ | ० |
| ३८ | १४२५६-सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ८००००० | ३२८३१५.८ | ४१.०४ |
| ३९ | १४२६३-जलस्रोत सम्बन्धी अन्य दस्तुर | ४०० | ० | - |
| ४० | १४२६४-वन क्षेत्रको अन्य आय | २५००० | १९९१७.१८ | ७९.६७ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | १४३११-न्यायिक दण्ड,जरिवाना र जफत | १०० | ० | |
| ४२ | १४३१२-प्रशासनिक दण्ड ,जरिवाना र जफत | ६५००० | ६२१७२.४ | ९५.६५ |
| ४३ | १४३१३-धरौटी सदर स्याहा | ६००० | ८८२ | १४.७० |
| ४४ | १४५११-बीमा दावी प्राप्ती | ० | ० | |
| ४५ | १४५२१- प्रदुषण नियन्त्रण शुल्क | १०००० | ० | ० |
| ४६ | १४५२९-अन्य राजस्व | ३३००० | २७१५३.८५ | ८२.२८ |
| ४७ | १५१११-बेरूजू | १७५००० | २९१६३४.३ | १६६.६५ |
| ४८ | १५११२-निकासा फिर्ता | १०००० | १७२७.२२८ | १७.२७ |
| ४९ | १५११३-अनुदान फिर्ता | ५००० | १५०८.४२१ | ३०.१७ |
| ५० | ३३३४१-सवारी साधन कर | २३००००० | १६४४०५५.७ | ७१.४८ |
| ५१ | आन्तरिक ऋण | १७५०००० | ० | ० |
| ५२ | ३२१२१ गत वर्षको नगद मौज्दात | २२४५०९४ | ७१२९१८ | ३१.७५ |
| ५३ | स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन कर | ९२०००० | ६५७६२२ | ७१.४८ |
| | प्रदेश संचित कोषमा दाखिला हुने जम्मा रकम | **३१९७९९९९** | **१८०३८९००** | **५६.४१** |

**१३.२ मन्त्रालयको बार्षिक बजेट र खर्च विवरण**

**रकम रु. हजारमा**

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १९८०६५ | ३९९७०.८४ | २० |
| २ | पुँजीगत | ३५०६० | ४८०८.६३ | १३.७१ |
| | **जम्मा** | **२३३१२५** | **४४७७९.४८** | **१९.२०** |

१४. तोकिए बमोजिमका अन्य विवरण

क. समग्र प्रदेशको बजेट विनियोजन र खर्च विवरण

रकम रू. हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | १२६३६६७५ | ४२२९९४२ | ३३.४७ |
| २. | पुँजीगत | १९०९३३२४ | ४८६८६५४ | २५.४९ |
| ३ | वित्तीय | २५०००० | ० | ० |
| | **जम्मा** | **३१९७९९९** | **९०९८५९७** | **२८.४५** |

ख .स्थानीय तहमा राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको विवरण

रकम रू. हजारमा

| क्र.सं. | अनुदानको किसिम | विनियोजन | हस्तान्तरण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण अनुदान | ११६०००० | ८७०००० | ७५ |
| २. | सशर्त अनुदान | १९५०० | ९७५० | ५० |
| ३. | विशेष अनुदान | ३२६६८९ | १६३३४५ | ५० |
| ४. | समपूरक अनुदान | ४९४८७० | २४७४३५ | ५० |
| | **जम्मा** | **२००१०५९** | **१२९०५३०** | **६४** |
| | सवारी साधन कर बाँडफाँट | ९२०००० | ६५७६२२ | ७१ |

**१५. सार्वजनिक निकायको वेभसाइट**

यस मन्त्रालयको वेभसाइट **mof.gandaki.gov.np**रहेको छ ।

**१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवालीसबै सूचना खुला रहेको ।**

**१७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन**

माग भएको र उपलब्ध गराएको सूचनाको संख्या- यस अवधिमा लिखित रुपमा सूचना माग नभएको ।

**१८. मन्त्रालयले गरेको प्रकाशनको विवरण**

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- खर्चको मापदण्ड, २०७९
- गण्डकी प्रदेश आन्तरिक लेखापरीक्षण निर्देशिका,२०८०
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१
- समसामयिक कर असुल ऐन,२०८१
- विनियोजन विधेयक —२०८२ को सिद्धान्त र प्राथमिकता
- आ.व. २०८२/८३को व्यय अनुमानको विवरण
- आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम
- गण्डकी प्रदेश आर्थिक ऐन,२०८२
- गण्डकी प्रदेश विनियोजन ऐन,२०८२
- मन्त्रालयगत प्रगति विवरण,२०८२
- आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य,
- प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२
- प्रदेश आर्थिक बुलेटिन

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट **mof.gandaki.gov.np** मा हेर्न सकिने छ ।